नेपाल सरकार

# अर्थ मन्त्रालय

पत्र संख्याः- ०८२।०८३
च. नं.:- ८९३

सिंहदरबार, काठमाडौं
नेपाल।

मितिः २०८२/७/९

**विषयः भौतिक पुर्वाधार पुनर्निर्माण कोषमा रकम जम्मा गर्ने।**

श्री परराष्ट्र मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा जेन जी आन्दोलनका क्रममा सहादत प्राप्त गरेकाका परिवार र घाइते भएका नेपाली नागरिकहरुका लागि राहत दिनेमा विदेशमा GoFundMe लगायत माध्यमबाट रकम उठाइएको जानकारीमा आएको छ। यस विषयमा प्राप्त निवेदन समेत यसै साथ संलग्न रहेको छ।

नेपाल सरकारले राहत, पुनर्निर्माण र आर्थिक पुनरुत्थानका लागि भौतिक पूर्वाधार पुनर्निर्माण कोष स्थापना गरी राष्ट्रिय वाणिज्य बैंक, सिंहदरबार, काठमाडौंको खाता नम्वर १९६०१००१०२०७०००४, SWIFT CODE: RBBANPKA मार्फत सहयोग आव्हान गरी रकम जम्मा भइरहेको व्यहोरा तहाँ जानकारी रहेकै छ। यस सम्वन्धमा यस मन्त्रालयको मिति २०८२/६/१८ को सूचना यसै साथ संलग्न छ।

अत: नेपाल सरकारको उल्लिखित बैंक खातामा रकम जम्मा गर्ने व्यवस्था हुन र राहत प्रयोजनको लागि संकलित रकम सहिद परिवार र घाइतेको उपचारको लागि प्रयोग हुने जानकारी गर्नुहुन र सो बाहेक अन्य माध्यबाट रकम पठाएमा कानून बमोजिम कारबाही हुने सूचना समेत तहाँ मन्त्रालय अन्तर्गतका नियोगहरुमा पत्राचार गरी कार्यान्वयन गराउनुहुन मिति २०८२/७/९ को निर्णयानुसार अनुरोध छ।

(घनश्याम सुवेदी)
उपसचिव

सादर अवगतार्थ:

श्री अर्थमन्त्रीज्यूको निजी सचिवालय, अर्थ मन्त्रालय।
श्रीमान् सचिवज्यूको सचिवालय, अर्थ मन्त्रालय।
श्रीमान् सचिवज्यूको सचिवालय, परराष्ट्र मन्त्रालय।

टेलिफोन नं.:- बजेट म. ४२११८०९, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३२६
फ्याक्स नं. ४२११९६४, ४२११३४८ (बजेट म.), ४२११९६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np